जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १५, अङ्क-०६, २०८३ भदौ ११ गते विहीबार, 27 Aug 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

रसुवामा भिषण बाढी, मध्येरातसम्म १५७ वटा शव फेला



पुरा देश शोकमा

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशको रसुवा जिल्लामा चिनको तिब्बत क्षेत्रबाट आएको भिषण बाढीले सिङ्गो देश शोकमा डुबेको छ ।

बुधबार बिहान करिब ९ बजे उक्कासी जमिन नै हल्लिएको आभाष स्थानीयले गरे । भुकम्पको पूर्वानुमान गरियो तर त्यो जमिनमन्दा करिब एकसय मिटर माथि छाल बन्दै आएको बाढी थियो । माथिल्लो क्षेत्रबाट धूवाँको तूलो मुस्लोसहित छालजस्तो देखिने बाढी ढिमुरे बजारतिर बर्जिँदै आयो । जसले क्षणभरमै बजार, बस्ति उजाड पार्‍यो । सपना जस्तै पलभरमै उजाड भएको यो बस्तिसँगै सयौं बेपत्ता भएका छन् । बेपत्ताको यकिन तथ्याङ्क नै छैन । हजारौंको परिवार बेघरबार भएको छ ।

नेपाल चीन सीमाको रसुवागढी नाकाबाट सुरू भई तल्लो तटीय क्षेत्रसम्म पुगेको यही बाढीले रसुवा, नुवाकोट र धादिङमा तूलो विनाश गरेको छ । नेपाल प्रहरीले बुधबार राति ११:५ मा अद्यावधिक गरेको विवरणअनुसार बाढीमा परेका १५७ जनाको शव फेला परेको छ । रसुवामा ३, नुवाकोटमा १३ र धादिङमा २७ शव फेला परेका छन् । यस्तै, चितवनमा ६४, गोरखामा १९, तनहुँमा ९ र नवलपरासीपूर्वमा ३३ शव भेटिएका छन् । सयौं अझै सम्पर्कविहीन छन् ।

ढिमुरे, स्याफ्रुबेंसी, हाकुबेंसी, मैलुङलगायत रसुवाका एक दर्जनभन्दा बढी बस्ती ध्वस्त भएका छन् । नुवाकोट र धादिङका तटीय क्षेत्रमा समेत तूलो क्षति पुगेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अनुसार बाढी प्रभावित क्षेत्रमा कार्यरत नेपाली सेनाका ४४, नेपाल प्रहरीका २८ र सशस्त्र प्रहरी बलका १३ जना सम्पर्कविहीन छन् ।

यस्तै, ३ सय ९१ विदेशी र ९३ स्वदेशी पर्यटक पनि बाढीपछि सम्पर्कमा छैनन् । सुरक्षा निकाय र जलवायु विज्ञहरुले यो बाढीलाई जनधनको क्षतिका हिसाबले देशको पछिल्लो समयको सबैभन्दा भयानक विपत्ति मानेका छन् ।

यो विपद्ले प्रकृतिको मात्र होइन, पूर्वसूचनामा प्रणालीको अव्यवस्थासमेत उजागर गरेको छ । नेपाल र चीनका सम्बन्धित निकायबीच तत्काल सूचना आदानप्रदान हुने प्रभावकारी संयन्त्र नहुँदा बाढीको कारण पत्ता लागेको छैन । विपद्का कारण तूलो जनधनको क्षतिसमेत व्यहोर्नुपरेको छ ।

नेपालले आफ्नै भूभागमा राखेको उपकरणसमेत बाढी आउनुअघि सूचना पठाउन असफल भएको देखिन्छ । गत वर्ष त्यही क्षेत्रमा यसैगरी अचानक बाढी आउँदा १२ जनाको मृत्यु भएको थियो भने १८ जना बेपत्ता भएका थिए । त्यतिबेला पनि पूर्वसूचनाको काम प्रभावकारी देखिएको थिएन ।

जिल्ला प्रशासन कार्यालय, रसुवाका अनुसार यस पटक चीनतर्फ बाढी आएको पूर्वसूचना नेपाली पक्षले पाएको थिएन । राष्ट्रिय विपद् न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका पूर्वकार्यकारी अधिकृत अनिल पोखरेल विगतमा पनि चीनतर्फबाट बाढी आउँदा यस्तै समस्या देखिएको तर त्यसलाई गम्भीरतापूर्वक नलिँदा यो परिणाम आएको टिप्पणी गरे ।

'जोखिम अझै कति छ भन्ने हामीलाई थाहा छैन । नेपालको परराष्ट्र मन्त्रालय र चीनको सम्बन्धित विषय हेर्ने निकायबीचमा समन्वय गरेर हाम्रो विपद् प्राधिकरणसम्म पूर्वसूचना आउने वातावरण नबनाएसम्म यो समस्या बल्झिरहन्छ,' उनले भने, 'विपद् भइसकेपछि राहत र उद्धारमा मात्र सीमित हुने कि त्यो हुने नदिने भन्नेमा सरकारले सोच्नुपर्छ ।'

विज्ञहरुले हिमपहिरोकै कारण ल्हेन्दे खोला थुनिएपछि आकस्मिक रुपमा तूलो बाढी आएको जनाएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पनि नेपाल चीन सीमानाकामा हिमचट्टान पहिरो गएको प्रारम्भिक अनुमान गरिएको जानकारी दिएको छ ।

प्राधिकरणले 'प्लानेट ल्याब्स' को स्याटेलाइट तस्बिर विश्लेषण गर्दै र सुवागढी नाकाबाट करिब २० किलोमिटर उत्तरपूर्व नेपाल चीन सीमाक्षेत्रमा गएको हिमचट्टान पहिरोका कारण ल्हेन्दे खोलामा गोग्रानसहितको बाढी आएको देखिएको जनाएको छ ।

बाढीले क्षति पुर्‍याएपछि बुधबार अपराह्न जल तथा मौसम विभाग र चिनियाँ मेट्रोलोजिकल एजेन्सी (सीएमए) का अधिकारीबीच भर्चुअल छलफल भयो । त्यसपछि चीनले आफ्नो क्षेत्रमा पानीको बहाव बढ्नेबित्तिकै नेपाललाई जानकारी दिने भनेको छ ।

नेपाल र चीनबीच विपद् जोखिम न्यूनीकरण तथा आपत्कालीन प्रतिकार्यमा सहकार्य गर्ने समझदारी यसअघि नभएको भने होइन । सन् २०१९ मा तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीको चीन भ्रमणका क्रममा नेपाल र चीनबीच विपद् जोखिम न्यूनीकरण र आपत्कालीन प्रतिकार्यमा सहकार्य गर्ने' समझदारीपत्रमा

बाँकी पेज ४ मा

मुख्यमन्त्री थापाको सार्वजनिक अपिल

यसै बीच बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले आफ्नो सामाजिक सञ्जाल फेस बुक मार्फत सार्वजनिक अपिल गर्नु भएको छ ।

उहाँको अपिल यस्तो छ:

माथिल्लो क्षेत्रमा भोटेकोशी नदीमा आएको बाढीका कारण जोखिम बढेको सूचना प्राप्त भएकाले रसुवा, धादिङ, गोरखा, नुवाकोट, चितवन आसपास तथा नदी खोला किनार र तल्लो भूभागका बस्तीमा रहनुभएका सम्पूर्ण नागरिकलाई उच्च सतर्कता अपनाउन हार्दिक अपिल गर्दछु । विशेषगरी नदी तथा खोला किनारमा नबस्नुहोस्, जोखिमयुक्त स्थान तत्काल छोडी सुरक्षित तथा उच्च स्थानतर्फ सर्नुहोस् । बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा गर्भवती महिलाको सुरक्षामा विशेष ध्यान दिनुहोस् र आफ्ना परिवार, छिमेकी तथा आसपासका नागरिकलाई समेत तत्काल जानकारी गराउनुहोस् । सम्बन्धित स्थानीय प्रशासन, सुरक्षा निकाय तथा उद्धारमा खटिएका निकायबाट जारी हुने सूचना र निर्देशनलाई अनिवार्य रुपमा पालना गर्नुहुन अनुरोध गर्दछु । यो समय सतर्कता र सुरक्षित रहनुपर्ने समय हो ।

आफू सुरक्षित रहौं, अरुलाई पनि सुरक्षित रहन सहयोग गरौं ।

इन्साइड स्टोरी


यसकारण बढाउनुपर्छ छोरीमाथिको लगानी विचार

✍ आस्था रिजाल — पेज २ मा

बाढीको विध्वंश (तस्वीरमा) — पेज ३ मा

२६ बर्ष निदाएर ब्युझिदै कपडा उद्योग — पेज ४ मा

उद्योग सेनालाई दिने सरकारको निर्णय 'उल्टो बाटो' : शाह



पेज ५ मा

मुख्यमन्त्री थापाले पाए विश्वासको मत



पेज ६ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

रसुवाको बाढी र चेतावनी

प्राकृतिक प्रकोपको पूर्वानुमान सतप्रतिशत संभव छैन । कतिपय पूर्वानुमान मेल नखान पनि सक्छ, र कहिलेकाहीं मानवीय हेलचक्राइमा कारण क्षति भयावह हुन सक्छ। बुधबार रसुवाको भोटेकोशी नदीमा आएको अकल्पनीय बाढीले नेपालका विपद् व्यवस्थापन प्रणालीको वास्तविक क्षमता फेरि उजागर गरेको छ। तिब्बततर्फबाट अचानक आएको बाढीले टिमुरे, स्याफ्रुबेंसी, र सुवागढीलगायतका क्षेत्रमा ठूलो मात्रामा जनधनको क्षति गऱ्यो। बाढीको प्रभाव रसुवामा मात्रै सीमित रहेन नुवाकोट, धादिङ, गोरखा, चितवनलगायतका नदी तटीय क्षेत्रमा समेत मानवीय क्षति भएको छ।

यो घटना केवल प्राकृतिक विपद्को इतिहास हैन, विपद्पूर्व तयारीप्रतिको गम्भीर प्रश्न पनि हो। हिमताल फुटेको, हिमपहिरो गएको वा नदी थुनिएर एक्कासि पानी छेडिएको के हो यसको प्रारम्भिक अनुमान मात्रै आइरहेको छ । यसले जोखिमयुक्त हिमाली नदी प्रणालीको नियमित निगरानी आवश्यक थियो कि भन्ने प्रश्न उठेको छ।

विभिन्न प्रश्नहरू तमाम छन् अहिलेलाई सरकारले उद्धार, राहत तथा पीडीत परिवारलाई शव पहिचान,संस्कृति अनुरूप अन्तिम संस्कारमा समन्वय र सहायतासँगै मनोसामाजिक परामर्शको व्यवस्था गर्नु जरूरी छ ।सामाजिक सञ्जालहरूमा विभत्स तस्बीर देखाएर अझै बढी आक्रान्त पार्नुभन्दा सान्वना दिनेतर्फ नागरिक समाजले पनि ध्यान दिनु जरूरी छ ।

अब सबैभन्दा पहिले मानवीय कार्यलाई प्राथमिकता त्यसपछि भौतिक संरचनाको मर्मत, निर्माणमा सबैको सहकार्य जरूरी छ। यो बाढीलाई केवल दु:खद् घटना मानेर बिर्सनु अर्को विपद्को निम्तो हुनेछ। यसलाई वैज्ञानिक जोखिम मूल्यांकन, प्रभावकारी पूर्वसूचना प्रणाली, सुरक्षित बस्ती विकास र जवाफदेही विपद् व्यवस्थापनको राष्ट्रिय पाठ बनाउनुपर्छ। विपद् रोक्न नसकिएला, तर क्षति घटाउने जिम्मेवारी राज्यको हो, राज्यसँगै नागरिकले पनि समन्वय र हातेमालो गर्नु जरूरी छ ।

यसकारण बढाउनुपर्छ छोरीमाथिको लगानी



आस्था रिजाल

राष्ट्रको विकासको मेरूदण्ड मानव पुँजी हो। नेपाल जस्तो सामाजिक संरचना भएको मुलुकमा मानव पुँजी निर्माणको पहिलो खुड्किलो चाहिँ परिवार हो। नेपाली समाजमा बालिकाका लागि गरिने लगानी अझै पनि विभेदपूर्ण छ। छोरा र छोरीको भविष्यमाथि गरिने लगानीलाई समानताको कसीमन्दा पर राखेर प्रतिफलको तराजुमा जोखिन्छ। यो प्रवृत्ति सुदूर देहातदेखि राजधानीका महलसम्म फरक फरक स्वरुपमा अपनाइन्छ। यही प्रवृत्तिका कारण मानव पुँजी निर्माणमा छोरा र छोरीमा समान रुपमा लगानी हुन सकेको छैन।

महिला तथा बालबालिकामाथि हुने लैंगिक हिंसासम्बन्धी कामका लागि केही वर्षअघि अछाममा तीन वर्ष बसेकी थिएँ। त्यहाँ एक जना असाध्यै राम्रो पढ्ने बहिनी हुनुहुन्थ्यो। उहाँले एसइई उत्तीर्ण गरेपछि परिवारसँग नर्सिङ पढ्ने इच्छा गर्नुभयो। नर्सिङ पढेपछि छिट्टै रोजगारी पाइन्छ र सम्भव भए विदेश जाने अवसरसमेत हुन्छ भन्ने उहाँको तर्क थियो। तर परिवारको जवाफ स्पष्ट थियो । आर्थिक अभावका कारण लगानी गर्न सकिँदैन। गाउँमै उपलब्ध सुविधामा अध्ययन गर्नुपर्छ।

अर्को वर्ष त्यही परिवारमा उहाँको भाइले एसइई उत्तीर्ण गरेपछि परिस्थिति बिलकुल फरक देखियो। नतिजा आएको भोलिपल्टै परिवारले भन्यो । जग्गा बेचेर भए पनि काठमाडौंको राम्रो कलेजमा पढाउँछौं। परिवारमित्रै छोरा र छोरीमा लगानीको प्राथमिकता कसरी निर्धारण हुन्छ भन्ने बुझ्न यही उदाहरण पर्याप्त छ।

छोरा र छोरीमा गरिएको लगानीलाई परिवारको प्रतिष्ठा, प्रतिफल र भविष्यको सुरक्षाका दृष्टिबाट सोच्ने प्रवृत्ति छ। छोरामा गरिएको लगानीलाई परिवारले प्रतिष्ठाका रुपमा लिने सामाजिक संस्कार अझै ठूलो मात्रामा छ। यही सोचका कारण छोरी र छोराबीचको अवसरमा गहिरो असमानता सिर्जना भइरहेको छ।

छोरीले पढ्छे, लेख्छे, अन्तत: बिहे गरेर अर्काको घर जान्छे, उनीमाथि गरिएको लगानी फर्किँदैन भन्ने सोच अझै पनि धेरै परिवारमा गहिरो रुपमा गढेको छ। यही मानसिकताका कारण छोरीमा गरिएको लगानीलाई 'नाफा नआउने' खर्चका रुपमा हेर्ने प्रवृत्ति देखिन्छ। यसको विपरीत, छोरामाथि लगानी गर्दा उसले भविष्यमा हेरचाह गर्छ भन्ने अपेक्षा जोडिएको पाइन्छ। यसले सम्पन्न र विपन्न दुवै परिवारमा छोरीतर्फको लगानी न्यून बनाइरहेको छ।

प्रतिबद्धतासहित गरिने लगानी र केवल सम्भावित प्रतिफलका हिसाबले गरिने खर्च एउटै होइन। तर व्यवहारमा प्राय: दोस्रो प्रकारको सोच हाबी देखिन्छ। सबै परिवारले आफ्ना सन्तानमा समान रुपमा लगानी गर्न सक्ने अवस्था हुँदैन। यस्तो अवस्थामा राज्यको भूमिका पनि महत्त्वपूर्ण हुन्छ। स्थानीयदेखि संघीय सरकारले अवसरको असमानता घटाउने गरी हस्तक्षेप गर्न सक्नुपर्छ।

स्थानीय सरकारले बालिकाको क्षमता अभिवृद्धिका लागि विभिन्न कार्यक्रम कार्यान्वनय गरिरहेका छन्। सबै स्थानीय तहको कार्यक्रमको प्रकृति भने एउटै छैन। विशेषगरी सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य र सशक्तीकरणमुखी कार्यक्रम सञ्चालनमा छन्।

बालबालिकालाई विद्यालयमा आकर्षित गर्न नि:शुल्क शिक्षा, नि:शुल्क पोसाक र दिवा खाजा वितरण जस्ता कार्यक्रम कार्यान्वयनमा छन्। विगतमा केन्द्रीय स्तरबाट तेल वा चामल वितरण जस्ता प्रोत्साहन कार्यक्रम पनि सञ्चालन गरिएका थिए। तर त्यस्ता कार्यक्रमको प्रभावकारिता मूल्यांकन अझै कमजोर छ।

केही वर्षअघि दैलेख गएको बेला एउटा विद्यालयमा पुगेकी थिएँ। त्यहाँ एक जना अभिभावक र प्रधानाध्यापकबीच विवाद भइरहेको थियो। ती अभिभावक दलित समुदायका थिए। सरकार ले बालबालिकालाई विद्यालयमा भर्ना गराउँदा प्रोत्साहनस्वरुप पैसा दिने कार्यक्रम थियो। उनले आफ्ना चार जना छोराछोरीलाई विद्यालय भर्ना गराएका रहेछन्। तर दुई जना चाहिँ सुरूको केही महिना स्कुल आउने, केही महिना काम गर्न भारतमा जाने अनि परीक्षा दिन मात्रै आउने गर्दा रहेछन्। त्यसकारण विद्यालयले दुई जनाको मात्रै प्रोत्साहन रकम दिएको रहेछ। नियमित उपस्थितिका आधारमा दुई जनालाई मात्रै प्रोत्साहनस्वरुप रकम दिएपछि ती अभिभावकले बाँकी दुई जनाका लागि पनि प्रोत्साहन रकम चाहिने भनेर विवाद गरेका रहेछन्।

यो उदाहरणले यस्ता कार्यक्रमलाई सहयोग वा प्रोत्साहनका रुपमा होइन, 'अधिकार'का रुपमा बुझ्ने प्रवृत्तिले पनि समस्या बनेको देखाउँछ। यस्ता योजनाको उद्देश्य विद्यालयमा नियमित उपस्थिति र सिकाइ सुनिश्चित गर्नु हो भन्ने बुझाइ समुदायसम्म स्पष्ट रुपमा पुग्न सकेको छैन।

दिवा खाजा जस्ता कार्यक्रमले बालबालिकालाई विद्यालयतर्फ आकर्षित त गर्छन्। तर त्यसलाई दिगो शैक्षिक निरन्तरतासँग जोड्न सकिएन भने अपेक्षित परिणाम हासिल हुन कठिन हुन्छ। कतिपय स्थानीय तहले छोरी जन्मिँदा बैंक खाता खोलिदिने, सुत्केरी स्याहारका लागि आर्थिक सहयोग गर्ने जस्ता कार्यक्रम सञ्चालन गरेका छन्। मधेसमा 'बेटी पढाऊ' अभियानअन्तर्गत साइकल वितरण गर्ने, केही कलेजले 'बुहारी शिक्षा' कार्यक्रममार्फत विवाहित महिलालाई पुन: शिक्षामा जोड्ने प्रयाससमेत भएका छन्। यस्ता पहल सकारात्मक भए पनि अपेक्षित स्तरमा प्रभावकारिता देखिएको छैन। कार्यक्रम छन्। तर तिनले व्यवहार र सोचमा ल्याउनुपर्ने परिवर्तन अझै सीमित छ।

सुत्केरी स्याहारसँग सम्बन्धित एक कार्यक्रमअन्तर्गत आमा र शिशुको पोषणका लागि अन्डा तथा खाद्यान्न उपलब्ध गराउने गरिएको थियो। अछाममा देखिएको एउटा घटनाले समस्या कहाँ छ भन्ने देखाउँछ। सुत्केरी महिलालाई दिइएको एक महिनाको पोषण सामग्री घर लगिएपछि भोलिपल्टै परिवारका सबै सदस्यले बाँडेर खाइदिए। यसको अर्थ कार्यक्रमको उद्देश्य, लक्षित लाभग्राही र यसको महत्वबारे पर्याप्त बुझाइ नहुँदा अपेक्षित परिणाम हासिल हुन सकेन। यसो भन्दैमा सबै ठाउँमा यस्तै हुन्छ भन्ने होइन। तर यस्ता उदाहरणले हाम्रो कमजोरी कहाँ छ भन्ने देखाउँछन्।

महिला लक्षित कार्यक्रम पनि व्यापक रुपमा सञ्चालन भइरहेका छन्। महिलालाई विभिन्न समितिमा सहभागी गराउने, नेतृत्व विकास गर्ने जस्ता प्रयास सकारात्मक छन्। विशेषत: पुरूषहरु वैदेशिक रोजगारीमा जाने प्रवृत्ति बढेका कारण गाउँघरमा महिलाको भूमिका स्वाभाविक रुपमा विस्तार हुँदै गएको छ।

तर यस्ता कार्यक्रम कार्यान्वयनमा चुनौती पनि छन्। उदाहरणका लागि, परिवारकेन्द्रित लैंगिक हिंसासम्बन्धी कार्यक्रम सञ्चालन गर्दा त्यसका बैठक र छलफलमा परिवारबाट महिला र पुरूष दुवैलाई सहभागी गराउने गरिन्छ। त्यसका कार्यक्रममा महिला निरन्तर सहभागी भए पनि पुरूषको उपस्थितिमा निरन्तर कायम राख्न गाह्रो हुन्छ, जसले कार्यक्रमको प्रभावकारिता कायम हुँदैन। वैदेशिक रोजगारी, अस्थायी बसाइँसराइ वा छोटो समयका लागि मात्र घरमा बस्ने हुनाले दीर्घकालीन संवादमा अवरोध पुग्याउँछ।

पछिल्ला दिनमा महिलाले आफ्ना अधिकारबारे सचेतना बढाउँदै गएका छन्। तर सोही स्तरको बुझाइ पुरूषमा विकास हुन नसकेको वा बुझेर पनि व्यवहारमा कार्यान्वयन नगर्ने प्रवृत्ति छ। यसले परिवारमित्रै दृष्टिकोणको अन्तर बढाउने र द्वन्द्व सिर्जना हुने अवस्था बन्छ। महिलामाथिको कार्यबोझ पनि ठूलो समस्या हो। समुदायका विभिन्न समितिमा सहभागी हुँदा महिलाले घरायसी काम, सन्तानको हेरचाह र सार्वजनिक जिम्मेवारी सबै सँगसँगै सम्हाल्नुपर्छ। बैठकको समय मिलाउन, जिम्मेवारी पूरा गर्न र घरपरिवार सन्तुलन गर्न उनीहरुलाई दोहोरो तेहोरो दबाब पर्छ। विभिन्न *बाँकी पेज ५ मा*

सहीखबर

विविध

www.saheekhabar.com

२०८३ भदौ ११ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

चिनबाट आयो अहिलेसम्म कै ठुलो बाढी, हेनुहोस् तस्वीरमा :

स्रोत विभिन्न अनलाइनहरू











बाढीपछि : -

रसुवामा आएको भिषण बाढीपछि नेपाल सरकारले उद्धारलाई पहिलो प्राथमिकतामा राखेको छ । तत्कालै बसेको मन्त्री परिषदको बैठकले उद्धारको लागि सेनाको मेडिकल टिमसहितको हेलिकोप्टर रसुवा पठाएको थियो । यसैगरी आपत्कालीन बैठकले उद्धार तथा राहत कार्यलाई चुस्तपार्न कार्यदल गठन गरेको थियो । भने सबै निजी कम्पनीका हेलिकप्टर पनि स्ट्याण्डबाइ राख्न प्रधानमन्त्रीको निर्देशन दिएका थिए ।

बढीसँगै बगेर नदि छेउ रुखमा अड्केर बसेका, जोखिमपूर्ण घरहरुको छतमा बसेकाहरुलाई हेलिकप्टरले उद्धार गरिएको छ । घाइतेहरुलाई काठमाडौको विभिन्न अस्पतालमा उपचार जारी राखिएको छ ।

विभिन्न अस्पतालहरुमा घाइतेको चाप हुनसक्ने अवस्थालाई मध्यनजर गर्दै शैयाहरु खालि गरिएको छ । बाढीबाट घाइते भएकाहरुको उपचारलगायतको खर्च राज्यले बेहोर्ने घोषणा भैसकेको छ ।

२६ बर्ष निदाएर ब्युझिदै कपडा उद्योग

○ सरिता दाहाल

मकवानपुर । बि.स २०५७ सालदेखि बन्द रहेको हेटौंडा कपडा उद्योग पुन सञ्चालनमा ल्याउने तयारी स्वरूप परीक्षण थालिएको छ।

२६ बर्षदेखी माकुराको जालो र धुलोले ढाकिएर थन्केका औजार अहिले चम्किने, टल्किने मात्रै हैन चल्ने र उत्पादन दिने भएका छन् । मेसिन नेपाल सरकारको पहलमा नेपाली सेनाले मर्मत गरी सञ्चालन गरेपछि १० वटा लुम (कपडा बुन्ने तान) बाट परीक्षण उत्पादन सुरू गरिएको हो। कुल ४८८ मेसिनमध्ये अन्य मर्मतको क्रममा छन् ।

सरकारले गत असार १८ गते उद्योग पुन: सञ्चालन गर्ने निर्णय गरेपछि परीक्षण उत्पादनको काम अघि बढाइएको हो। उद्योगमा सरसफाइ, विद्युत् प्रणाली तथा मेसिन मर्मतको काम नेपाली सेनाले गरेको हो। परीक्षणका लागि सरकारले ३३ लाख रूपैयाँ बजेटसमेत उपलब्ध गराएको छ।

हाल बाहिरबाट धागो ल्याएर पुराना लुममार्फत कपडा बुन्ने परीक्षण भइरहेको छ।

परीक्षणबाट प्राप्त नतिजाका आधारमा उद्योगलाई दीर्घकालीन रुपमा कसरी सञ्चालन गर्ने भन्ने मोडालिटी तय गरिनेछ। त्यसपछि आवश्यक नयाँ मेसिन तथा प्रविधि थप गरी उत्पादन विस्तार गर्ने सरकारको तयारी छ।

हेटौंडा कपडा उद्योग पुन: सञ्चालनको प्रक्रिया अघि बढिरहेका बेला संघीय सरकारको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारी यादवले अबको केही महिनाभित्र उद्योगका सबै लुम सञ्चालनमा ल्याएर कपडा उत्पादन थालिने बताउनुभयो ।

उद्योगको निरीक्षण गर्दै मन्त्री यादवले लामो समयदेखि बन्द रहेको उद्योग सञ्चालनका लागि सरकारले अघि बढाएको काम देखिन थालेको बताउनु भयो। 'सरकारले उद्योगको मर्मत, पुन:स्थापना र सञ्चालनको जिम्मेवारी नेपाली सेनालाई दिएपछि उद्योगले पुनर्जीवन पाएको प्रतिक्रिया आउन थालेको छ। हाल नेपाली सेनाको उत्पादन निर्देशनालयका करिब ४० जना प्राविधिक तथा विभिन्न दर्जाका सैनिक उद्योग सञ्चालनको तयारीमा खटिएका छन्।

'सरकारी उद्योग सञ्चालनमा आउन थालेपछि केही निजी उद्योगीहरुले रोक्नका लागि विभिन्न तत्त्व प्रयोग गरिरहेका छन्,' उहाँले बताउनु भयो । हेटौंडा कपडा उद्योगमा नेपाली सेनाको प्राविधिक टोलीले बिग्रिएर थन्किएका मेसिन मर्मत गरेपछि पुन: सञ्चालनको प्रक्रिया अघि बढेको हो।

उद्योगमा अहिले १० वटा लुम सञ्चालनमा ल्याएर कपडा उत्पादनको परीक्षण भइरहेको छ। अर्को १० वटा मर्मतको क्रममा छ । सेनाले ६३ वटा लुमलाई तत्काल मर्मत गरेर सञ्चालन गर्न सकिने र ७२ वटालाई रूपान्तरण गर्न सकिने तथा बाँकी सबैलाई बिस्तारै मर्मत गर्न सकिने बताएको छ। हाल सबै मर्मत तथा रूपान्तरणको लागि भने बजेटको अभाव रहेको सेनाले जनाएको छ ।



'उद्योगमा रहेका कुल ४८८ वटै मेसिनहरु क्रमश: सञ्चालनमा ल्याइनेछ,नेपाली सेनाले यसको व्यवस्थापन र सञ्चालनमा महत्त्वपूर्ण भूमिका खेलिरहेको छ' मन्त्री यादवले भन्नुभयो 'विगतमा ९ करोड रूपैयाँ खर्च हुँदा पनि प्रशासनिक काममै सकियो ।

तर अहिले हामीले मात्र ३३ लाख रूपैयाँको लगानीमा २० वटा मेसिन तयार पारेका काम गरेर देखाएका छौं र यसको मूल्याङ्कन जनताले गर्नेछन् ।'

उद्योगका लागि आवश्यक कच्चा पदार्थ (कपास) नेपालकै विभिन्न स्थानबाट सङ्कलन गरिने र स्वदेशी उत्पादनलाई प्राथमिकता दिइने बताईएको छ। 'सरकारले उद्योगको मर्मत, पुन:स्थापना र सञ्चालनको जिम्मेवारी नेपाली सेनालाई दिएपछि उद्योगले पुनर्जीवन पाएको प्रतिक्रिया आउन थालेको छ। हाल नेपाली सेनाको उत्पादन निर्देशनालयका करिब ४० जना प्राविधिक तथा विभिन्न दर्जाका सैनिक उद्योग सञ्चालनको तयारीमा खटिएका छन्।

यसअघि उद्योग चालनसम्बन्धी अध्ययन कार्यदलले तत्काल परीक्षण उत्पादन गर्ने र त्यसको परिणामका आधारमा दीर्घकालीन रुपमा पूर्ण क्षमतामा सञ्चालन गर्ने खाका सरकारलाई बुझाएको थियो । उद्योगमित्रको विद्युत् प्रणाली मर्मतको कामसमेत सम्पन्न भएको जनाइएको थियो । यसअघि सरकारले हेटौंडा कपडा उद्योगलाई चालु आर्थिक वर्षमै सञ्चालनमा ल्याउने तयारी गरेको बताएको थियो ।

चिनियाँ सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा २०३२ सालमा स्थापना भएको हेटौंडा कपडा उद्योगले २०३५ सालदेखि व्यावसायिक उत्पादन सुरू गरेको थियो ।

उद्योग पुन: सञ्चालनको प्रयास भने नयाँ होइन । यसअघि पनि विभिन्न सरकारले पटक पटक उद्योग सञ्चालन गर्ने घोषणा र अध्ययन गरेका थिए । २०७३ सालमा उद्योग पुन: सञ्चालनबारे विस्तृत अध्ययन गर्न समिति गठन गरिएको थियो भने २०७५ सालमा सर कारले उद्योग सञ्चालन गर्न सकिने निष्कर्ष सहितको अध्ययन प्रतिवेदनसमेत तयार गरेको थियो।

त्यतिबेला उद्योग सञ्चालनका लागि करिब ३० करोड रूपैयाँ खर्च आवश्यक पर्ने र विभिन्न मोडालिटीबाट सञ्चालन गर्न सकिने सुझाव दिइएको थियो ।

त्यसैगरी, २०७५ सालमै नेपाली सेनालाई समेत संलग्न गराएर उद्योग पुन: सञ्चालनको सम्भाव्यता अध्ययन गरिएको थियो । पछिल्लो पटक २०८१/८२ को बजेटमा पनि हेटौंडा कपडा उद्योगलाई सार्वजनिक निजी साझेदारीमा सञ्चालनमा ल्याउने घोषणा गरिएको थियो ।

यस अघि गत साउन २३ गते शनिबार उद्योगमा पुराना मेसिन मर्मत गरी सफल परीक्षण उत्पादन सुरू गरिएको भन्दै प्रधानमन्त्री बालेन्द्र शाहका निजी सचिव प्रदीप परियारले सामाजिक संजालमा लेखेका थिए । लामो समयदेखि थन्किएका मेसिन सञ्चालनमा आएपछि उद्योग परिसरमा फेरि कपडा बुन्ने तानको 'खद्खद्' आवाज सुनिन थालेको परि यारले आफ्नो सामाजिक सञ्जालमा तान चलेको भिडियो सामग्री राख्दै उल्लेख गरेका छन् ।

उद्योग पुन:संचालनको लागि गरिएका सरकारी प्रयासहरू

२०६२/०६३ को जन आन्दोलनपछि बनेका विभिन्न सरकारले हेटौडा कपडा उद्योग पुन: सञ्चालनका लागि पटक पटक पहल गरेका थिए । धेरैजसो घोषणा, अध्ययन, समिति गठन र केही बजेट उद्योगका पुराना मसिनहरू मर्मत र परिक्षणमै सीमित रहे तर सञ्चालन भने हुन सकेन।

आर्थिक वर्ष २०६५/६६ मा माओवादी नेतृत्वको सरकारका अर्थमन्त्री डा. बाबुराम भट्टराई बजेट वक्तव्यमै उद्योग पुन: सञ्चालन गर्ने घोषणा गरेका थिए ।सेना, प्रहरी र निजामती कर्मचारीका पोसाकका लागि स्वदेशी कपडा उत्पादन गर्ने योजना सहित उनले गरेको बजेट भाषणमा करिब ९ करोड रूपैयाँ बजेट विनियोजन भएको थियो ।त्यसपछिको २०६६ साल कार्तिकमा सरकार परिवर्तन भएपछि माधवकुमार नेपाल नेतृत्वको सरकारले कपडा उद्योग खारेज गर्ने निर्णय गरको थियो । माओवादीको सरकार हुँदा बिनयोजन भएको बजेट खर्च भए पनि नेपाल नेतृत्वको सरकारमा निरन्तरता पाउन सकेन ।

त्यसपछि बनेको उद्योग मन्त्रीहरु अष्टलक्ष्मी शाक्य, महेन्द्रप्रसाद यादव, अनिलकुमार झा, महेश बस्नेत, नविन्द्रराज जोशी लगायतका उद्योगको अनुगमन र र पुन: संचालनको घोषणा गरेका थिए । २०७३ सालमा विस्तृत अध्ययनका लागि समिति गठन समेत गरियो ।

२०७५ सालमा सरकारी अध्ययनले करिब ३० करोड लगानीमा विभिन्न मोडालिटीबाट सञ्चालन सम्भव भएको निष्कर्ष निकालेको थियो । नेपाली सेनाले सामान्य मर्मतबाट उद्योग चलाउन सकिने प्रस्ताव समेत गरेको थियो ।

आर्थिक वर्ष २०७९/८० मा अर्थमन्त्री जनार्दन शर्मा बजेटमा रूग्ण उद्योग सञ्चालन नीतिको घोषणा गरे । २०८०/०८१ मा पुष्पकमल प्रचण्डको सरकारले नीति तथा कार्यक्रममा कपडा उद्योग पुन संचालनलाई समावेश गरी सेनासँग छलफल समेत गरेका थिए ।

सेनाको अध्ययन प्रतिवेदनले उद्योग पूर्ण सञ्चालनका लागि प्रारम्भिक १ अर्ब ९३ करोड लागत, वार्षिक सञ्चालन खर्च करिब ७८ करोड र ९ वर्षपछि लागत प्रतिस्थापन गरी नाफामा जाने अनुमान सहित सेनाको कल्याणकारी कोषबाट लगानी गर्न सकिने प्रस्ताव सरकारलाई गरेको थियो ।

आ.व. २०८१/८२ बजेटमा सार्वजनिक निजी साझेदारी (एएए) मोडलमा उद्योग सञ्चालन घोषणा गरियो । घोषणाहरु प्राय: कार्यान्वयनमा आएनन्। उद्योगको सम्पत्ति औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड (IDM) मा हस्तान्तरण भएको थियो। २०८२/८३ सालमा सरकारले पुन: सक्रियता देखाउँदै पुन: संचालनको लागि परीक्षण संचालन गरेको छ ।

उद्योग पुन: संचालनको लागि बजेट विनियोजनसहित प्रारम्भिक काम २०६५ सालमा माओवादी सरकार ले गरेको हो । तर राजनीतिक अस्थिरताले रोकेको यसले पूर्णता पाएन। यसैगरी सरकारले हेटौंडा कपडा उद्योग सञ्चालनमा आएसँगै नेपालमै आवश्यक पर्ने कपास उत्पादन बढाउन जोड दिएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले व्यवसायी तथा निजी क्षेत्रलाई कपास खेतीमा लगानी गर्न आह्वान गरेको छ ।

नेपालमा कपडा उद्योगका लागि आवश्यक कच्चापदार्थ कपास धेरै मात्रामा आयात गर्नुपर्ने अवस्था अन्त्य गर्दै स्वदेशमै कपास उत्पादन र कपडा उद्योगको कच्चापदार्थ आपूर्ति सुनिश्चित गर्ने उद्देश्यले मन्त्रालयले व्यवसायीलाई कपास खेतीतर्फ आकर्षित हुन आग्रह गरेको हो ।

उद्योग पुन: सञ्चालनको महत्वपूर्ण सुरूवात भए पनि उद्योगलाई दीर्घकालीन रुपमा प्रतिस्पर्धी र दिगो बनाउने चुनौती सरकार सामू बाँकी नै छ ।

उद्योगका पुराना मेसिन तथा प्रविधि, उत्पादन लागत र निजी क्षेत्रसँगको प्रतिस्पर्धा महत्वपूर्ण हुन्छ । पुरानो प्रविधिबाट उत्पादन गर्दा आधुनिक उद्योगसँग प्रतिस्पर्धा गर्न कठिन हुने र नयाँ प्रविधिमा ठूलो लगानी आवश्यक पर्ने विज्ञ तथा उद्योगसम्बद्ध अधिकारीहरुको धारणा छ ।

हेटौंडा कपडा उद्योगलाई दिगो बनाउन कपास र धागोको आपूर्तिलगायत कच्चा पदार्थको सुनिश्चितता समेत महत्वपूर्ण हुने विषय विगतदेखि उठ्दै आएको छ । लामो समयदेखि बन्द रहेको उद्योगका तान फेरि चल्नुले पूर्ण व्यावसायिक सञ्चालन हुनेमा आशावादी हुन सकिन्छ ।

● समयमा कर तिरौं, ● पानी खेर नफालौ,
● वातावरणीय सरसफाइमा ध्यान दिऔं,
● हरियाली प्रवर्द्धन गरौं,
● सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौ,
● बाटो काट्दा पैदलयात्रुलाई प्राथमिकता दिने गरौं ।

लोकहितको लागि सहीसबर

यसकारण बढाउनुपर्छ छोरी ...

स्तरमा सञ्चालित कार्यक्रमले वास्तवमै महिलालाई सहज बनाइरहेका छन् कि थप बोझ थपिरहेका छन् भन्ने प्रश्न उठाउँछ। कार्यक्रम नचाहिने भन्ने होइन, तर तिनको योजना बनाउँदा सहजता, कामको मान्यता र व्यावहारिक कार्यान्वयनमा विशेष ध्यान दिन आवश्यक देखिन्छ।

विशेषगरी छोराछोरीबीचको विभेदको जरो बुझ्नु आवश्यक छ। समाजमा छोरालाई बढी प्राथमिकता दिने र छोरीलाई कम अवसर दिने प्रवृत्ति गहिरो जरा गाडेर बसेको छ। हुन त कतिपय अवस्थामा छोरामाथि पनि विभेद भएको हुन्छ। धेरै ठाउँमा अहिले पनि छोरा जन्मिँदा ठूलो उत्सव मनाइन्छ। हुनेले खर्च गरेर, नहुनेले ऋण लिएर समेत उत्सव मनाउँछन्। यसको पछाडि लुकेको कारण भनेकै छोरा ठूलो भएपछि कमाएर परिवारलाई धान्छ भन्ने हो। अर्थात्, छोरामाथि पनि 'आर्थिक उत्तरदायित्व'को दबाब सानैदेखि थोपरिएको हुन्छ।

सामाजिक बुझाइ हेर्दा छोरीहरु सधैं विभेदमै पर्छन् भन्ने निष्कर्ष निकाल्न सजिलो हुन्छ। तर यसको जड भनेको छोराछोरीलाई समान रुपमा नहेर्ने हाम्रो सोच हो। बाल्यकालमा कस्तो वातावरणमा हुर्किर्यौं, कसरी लगानी गरियो, कस्तो जिम्मेवारी सिकाइयो भन्ने कुराले नै व्यक्तिको व्यवहार र निर्णयलाई आकार दिन्छ। छोराछोरी दुवैमा समान रुपमा लगानी गरिएको छ र दुवैले अभिभावकप्रति बराबरी जिम्मेवारी बहन गर्नुपर्छ भन्ने मान्यतामा हुर्काइएको छ भने विभेद अन्त्य हुँदै जान्छ।

तर हाम्रो समाजमा अझै पनि छोरीलाई 'दान' गरेर पठाइने वस्तुका रुपमा बुझ्ने मानसिकता कायम छ। विवाहपछि माइतीसँगको सम्बन्ध सीमित हुनुपर्छ भन्ने धारणा छ। माइतीको विषयमा छोरीले बोल्दा हस्तक्षेप गरेको अर्थमा बुझ्ने प्रवृत्ति छ। सामाजिक सञ्जालमा पनि यस्ता बहस बारम्बार देखिन्छन्, जसले छोरीहरुको भूमिकाबारे थप द्विविधा सिर्जना गर्छ। जब कि अभिभावक त दुवै सन्तानका हुन् नि! छोरा र छोरी दुवैले समान रुपमा वासो राख्न पाउनुपर्ने हो। यही सोचले अर्को सामाजिक व्यवहारलाई पनि जन्म दिएको छ। अभिभावक छोरासँग बस्दा स्वाभाविक मानिन्छ। तर छोरीको घरमा बस्दा सुरूमै सोधिन्छ 'कति दिन बस्ने?' यसले अभिभावकमा नै हीनताबोध पैदा गराउँछ। समाजले छोरालाई कर्तव्यवहन गर्ने दबाब दिन्छ भने छोरीतर्फ त्यस्तो अपेक्षा नराख्ने बरू रोक्ने प्रवृत्ति देखिन्छ। पछिल्लो समय केही महिलाले विवाह नै नगर्ने विकल्प रोजिरहेका छन्। यसको कारण व्यक्तिगत मात्र होइन, सामाजिक दबाब र दोहोरो जिम्मेवारी पनि हो। रोजगारीको चाप, घरायसी कामको बोझ, घर र माइती दुवैतर्फको अपेक्षा जस्ता कारणले विवाहपछिको जीवनलाई जटिल बनाउँछन्। त्यसैले आफ्नो जीवन आफ्ने तरिकाले बाँच्ने भनेर कतिपय छोरी विवाह नै नगरी बस्न थालेका छन्।

नीतिगत रुपमा हेर्दा, नेपालमा छोराछोरीलाई समान अधिकार दिने व्यवस्था छ। सम्पत्तिमा बराबरी हक, 'सबैका लागि शिक्षा'जस्ता नीति पनि छन्। तर व्यवहारमा यी पूर्ण रुपमा कार्यान्वयन भएका छैनन्। अभिभावकको सम्पत्ति बाँडफाँटमा छोरालाई प्राथमिकता दिने प्रवृत्ति बलियो छ। अभिभावकसँग बस्ने बेला छोरालाई अधिकार र छोरीलाई विकल्पको रुपमा हेर्ने सोच कायम छ।

यसको गहिराइ बुझ्न एउटा उदाहरण हेरौं। एउटा अध्ययनका क्रममा केही अभिभावकसँग 'तपाईंका कति सन्तान छन् ?' भन्ने सामान्य प्रश्न गर्दा उनीहरुले दुई वा तीन भनेर जवाफ दिए। पछि छोरा कति, छोरी कति भनेर सोध्दा मात्रै छोरीबारे उल्लेख गरे। अर्थात्, प्रारम्भिक उत्तरमा छोरीलाई सन्तानका रुपमा नै नसमेट्ने अवस्था देखियो। यसले विभेद कति गहिरो रुपमा जरा गाडेर बसेको छ भन्ने संकेत गर्छ। यो समस्या अशिक्षासँग मात्र जोडिएको छैन। उच्च शिक्षा हासिल गरेका, पेसागत रुपमा सफल व्यक्तिहरुमा पनि यस्तै सोच पाइन्छ। त्यसैले डिग्री वा औपचारिक शिक्षाले मात्र दृष्टिकोण परिवर्तन हुँदैन। जबसम्म सचेत रुपमा सोच र व्यवहार परिवर्तन गर्ने प्रयास हुँदैन, तबसम्म वास्तविक परिवर्तन सम्भव हुँदैन। सकारात्मक पक्ष पनि छन्। महिलाहरु नेतृत्व तहमा पुगिरहेका छन्। राजनीति, न्यायपालिका, व्यावसायिक क्षेत्रलगायत विभिन्न क्षेत्रमा उनीहरुको उपस्थिति बढ्दो छ। उद्योग व्यवसाय, प्रशासन र न्याय क्षेत्रमा महिलाहरुको नेतृत्व देखिनु परिवर्तनको संकेत हो। यी उदाहरणले देखाउँछन् अवसर दिए महिलाहरु सक्षम रुपमा अघि बढ्न सक्छन्। यसैले अबको प्रश्न छोरीमाथि 'किन लगानी गर्ने?' भन्दा पनि 'किन नगर्ने?' हुनुपर्छ। छोरी र छोरामा समान रुपमा लगानी गर्नु समानताको कुरा मात्र होइन, समग्र समाजको विकास र सन्तुलनसँग जोडिएको आवश्यकता हो।

छोरीलाई समान प्राथमिकतामा राख्दा यसको प्रत्यक्ष लाभ देखिन्छ। मानव पुँजीको उपयोग बढ्छ, उत्पादनशीलता विस्तार हुन्छ र सामाजिक सन्तुलन सुदृढ बन्छ। यिनै विषय उल्लेख गरेर छोरीलाई पनि समान व्यवहार गर्नुपर्छ भन्ने चेतना विस्तार गर्न सकिन्छ।

कुनै माथिल्लो पदमा पुगेका महिलाहरुको अनुभव सुन्दा उनीहरुले आफ्नो पेसागत सफलताको मुख्य कारण परिवारबाट पाएको सहयोग बताउने गरेका छन्। विशेषत: बालबच्चाको हेरचाह श्रीमान्ले सम्हाल्दा आफू पूर्ण रुपमा काममा केन्द्रित हुन पाएको बताउने गर्छन्। तर सबै महिलाले यस्तो 'स्पेस' पाएका छैनन्। यहींबाट प्रश्न उठ्छ राज्यले नीति बनाउँछ, कोटा, छात्रवृत्ति र रोजगारीका अवसर सिर्जना गर्छ। तर ती अवसरसम्म पहुँच पुऱ्याउने काम परिवार र समुदायले गर्नुपर्छ। स्थानीय सरकारले बाटो देखाउने र जोड्ने भूमिका खेल्नुपर्छ। तर व्यवहारमा यी तीन तहबीच समन्वयको कमी देखिन्छ।

पछिल्ला पुस्तामा परिवर्तनका संकेत पनि स्पष्ट छन्। शिक्षा अब विशेषाधिकार होइन, आधारभूत आवश्यकता बनेको छ। यससँगै अधिकारबारे चेतना बढ्दै गएको छ। आफ्नो अभिव्यक्ति, रोजगारी र निर्णयमा सहभागिताको माग बलियो बन्दै छ। सहरी क्षेत्रमा शिक्षा र अवसरमा समानता बढे पनि अन्य पक्षमा विभेद कायमै छ। सम्पत्तिको अधिकार, कामको मान्यता र सामाजिक स्वीकृतिमा अझै असमानता देखिन्छ। महिलाले कमाएको आम्दानीलाई 'दोस्रो' मान्ने, संयुक्त प्रयासलाई पनि 'छोराको कमाइ' भनेर व्याख्या गर्ने प्रवृत्ति अझै जीवित छ। यसरी हेर्दा समस्या बहुआयामिक छ। नीति, व्यवहार, संस्कृति र मनोविज्ञान सबैसँग जोडिएको छ। त्यसैले समाधान पनि एउटै उपायबाट सम्भव छैन। दीर्घकालीन, क्रमिक र व्यवहारमा आधारित परिवर्तन आवश्यक छ।

सरकारका नीति समग्रमा सकारात्मक छन्। समस्या कार्यान्वयन र जनचेतनामा छ। धेरैलाई आफ्ना अधिकार र उपलब्ध सेवाबारे जानकारी छैन। उदाहरणका लागि, हिंसापीडित महिलाका लागि सुरक्षित आवास, 'वन स्टप क्राइसिस म्यानेजमेन्ट सेन्टर' जस्ता संरचना भए पनि त्यसको प्रयोग कम छ। जानकारीको अभाव, सामाजिक दबाब र मानसिक भयका कारण त्यस्ता सुविधा उपयोग हुन सकेका छैनन्। (आस्था रिजाल महिला सशक्तीकरण, लैंगिक समानता, सुरक्षा तथा संरक्षण र सामाजिक समावेशीकरणका क्षेत्रमा क्रियाशील छिन् । *सामार नेपाल खबरबाट*)

हेटौंडा कपडा उद्योग सेनालाई दिने सरकारको निर्णय 'उल्टो बाटो': शाह



राष्ट्रिय योजना आयोगका पूर्व सदस्य जनक शाहले बन्द कपडा उद्योग सेनालाई दिने सरकारी निर्णयको आलोचना गरेका छन्।

शाहले सेनाको मुख्य काम सुरक्षा भएकाले व्यापारमा संलग्न गराउनु उचित नहुने र यसले 'व्यापारिक सेना' को छवि बन्ने जोखिम रहेको बताएका छन्।

उनले उद्योग बचाउन निजी क्षेत्रलाई साझेदार बनाउनु वा सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडेलमा जानु नै उपयुक्त विकल्प रहेको सुझाव दिएका छन्।

काठमाडौं । राष्ट्रिय योजना आयोगका पूर्व सदस्य जनक शाहले बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योग पुन: सञ्चालन गर्न नेपाली सेनालाई जिम्मा दिने सरकारको निर्णयप्रति आपत्ति जनाएका छन् । सरकारको यो कदमलाई उनले 'उल्टो बाटो' को संज्ञा दिँदै उनले यसले दीर्घकालीन रुपमा सरकारलाई नै नकारात्मक असर गर्ने दाबी गरेका छन्।

पूर्व सदस्य शाहले सेनाको मुख्य जिम्मेवारी देशको सुरक्षा गर्नु रहेको उल्लेख गर्दै व्यावसायिक उत्पादन र व्यापारमा संलग्न गराउनु सेनाको म्यान्डेट र दक्षतामित्र नपर्ने बताएका छन्।

"लोकतान्त्रिक व्यवस्थामा उत्पादन र व्यापार निजी क्षेत्र वा व्यावसायिक संस्थानहरुले गर्ने अवधारणा हुन्छ," शाहले भने, "सेनालाई व्यापार मा संलग्न गराउँदा 'व्यापारिक सेना' को छवि बन्ने जोखिम रहन्छ, जुन राष्ट्रिय सुरक्षाका दृष्टिले समेत उपयुक्त हुँदैन।"

रूग्ण अवस्थामा रहेको उद्योगलाई पुरानै प्रविधि मर्मत गरेर चलाउन खोज्नुलाई उनले हास्यास्पद टिप्पणी गरेका छन्। आधुनिक बजार को प्रतिस्पर्धामा टिक्नका लागि अत्याधुनिक प्रविधि र ठुलो पुँजी लगानी आवश्यक पर्ने भए पनि सरकारसँग त्यो क्षमता नभएको उनको तर्क छ।

सेनाको आन्तरिक खपत अर्थात् युनिफर्म आपूर्तिका लागि मात्र यति ठुलो उद्योग सञ्चालन गर्ने मोडेल आर्थिक रुपमा दिगो र उपयोगी हुन नसक्ने उनको ठहर छ।

शाहले उद्योगलाई व्यावसायिक र प्रतिस्पर्धात्मक रुपमा अगाडि बढाउन सरकारले आफ्नो ढिपी छोड्नुपर्नेमा जोड दिएका छन्। उनका अनुसार पारदर्शी प्रतिस्पर्धाबाट निजी क्षेत्रलाई रणनीतिक साझेदारका रुपमा भित्र्याउनु वा सार्वजनिक निजी साझेदारी (पीपीपी) मोडेलमा लैजानु नै हेटौंडा कपडा उद्योग बचाउने एक मात्र विकल्प हो।

सरकारले समयमै सही मोडालिटी पहिचान नगरे उद्योग पुन: असफल हुने र राज्यको लगानी बालुवामा पानी हालेसरह हुने चेतावनी समेत उनले दिएका छन्।

हार्दिक अपिल

- भोटेकोशी बाढी विभत्स प्राकृतिक बिपत्ति हो, शोकलाइ शक्तिमा बदलौं ।
- बिपदकालमा आफू बाँचौ र अरुलाई बचाऔ, उद्धार र राहतमा लागौं।
- सकेसम्म मनले, कर्मले र धनले सहयोग, समान्वय गरौं ।
- घाइतेहरुको सिघ्र उपचारमा सक्दो सहजिकरण गरौं ।

जीवन गुमाउने सबैमा हार्दिक श्रद्धाञ्जली

सहीखबर परिवार

मुख्यमन्त्री थापाले पाए विश्वासको मत

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले प्रदेशसभाबाट विश्वासको मत प्राप्त गर्नुभएको छ ।

सोमबारको लागि बोलाईएको प्रदेश सभा विश्वासको मत प्राप्त हुने अवस्था नभएपछि ३ पटक सारियो तर पनि संभव भएन । अन्ततः मंगलबार प्रदेशसभा बैठकमा मुख्यमन्त्री थापा मगरले विभिन्न अफ्त्यारोहरुको बीच विश्वासको मत लिनु भएको छ ।

उपसभामुख अप्सरा चापागाईंका अनुसार मुख्यमन्त्री थापालाई विश्वासको मतको पक्षमा ५७ र विपक्षमा शून्य मत परेको छ । थापालाई नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का २६ र नेकपा एमालेका २४ र राप्रपाका ७ जना सांसदले विश्वासको मत दिएका हुन् । राप्रपाका उद्धव थापा, राजु विष्ठ, गिरबहादुर तामाङ, राजेन्द्र प्रजापति, डम्बर तामाङ, नुरज बज्राचार्य र मोनिका श्रेष्ठले विश्वासको मत दिएका छन् । यसअघि सरकार गठन र मुख्यमन्त्री थापालाई विश्वासको मत दिने सम्बन्धमा राप्रपा विभाजित बनेको थियो ।

प्रदेश सरकारलाई समर्थन गर्ने निर्णय गरेका दल नेता थापासहित मन्त्री बनेका ३ जनालाई राप्रपा केन्द्रले कारबाहीसमेत गरेको छ । उनीहरु चार जनालाई पदमुक्त गर्न राप्रपाले सोमबार प्रदेश सभा सचिवालयलाई पत्राचारसमेत गरेको थियो । राप्रपाका १३ जना सांसदमध्ये ७ जना सरकारको पक्षमा उभिएकाले नेता थापा संसदीय दलमा बहुमतमा रहेका छन् ।

प्रदेशसभाको प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले आजको प्रदेश सभा बैठक बहिष्कार गरेको छ । सरकार गठनविरूद्ध उच्च अदालत



पाटन, हेटौंडा इजलासमा रिट परेको र रिट उपर सोमबार न्यायाधीश बबिता उप्रेतीको एकल इजलासले कारण देखाउ आदेश जारी गरेको थियो ।

साथै, रिट निवेदक पक्ष र सरकार पक्षलाई अलालतले १० भदौमा छलफलका लागि बोलाएको छ । सरकार गठनकै विषय अदालतमा विचाराधीन रहेका बेला विश्वासको मत लिन लागिएको भन्दै कांग्रेसले प्रदेशसभा बैठक रोक्न माग गर्दै आएको थियो । कांग्रेसका प्रमुख सचेतक महर्जनले आज विज्ञप्ति जारी गर्दै प्रदेशसभा बैठकमा अनुपस्थित रहन आफ्ना ३६ जना सांसदलाई हवीप जारी गरेका थिए । यसैगरी, विपक्षी दल नेपाल मजदुर किसान पार्टी (नेमकिपा) का ३ जना र हाम्रो नेपाली पार्टीका ३ जना सांसद पनि बैठकमा अनुपस्थित भए । १०४ सदस्यीय प्रदेशसभामा बहुमत पुर्याउन ५३ जना सांसदको समर्थन आवश्यक थियो ।

सत्तारुढ दलका सांसद मात्रै मतदानमा सहभागी

मुख्यमन्त्री थापा गत ४ भदौमा एमाले, नेकपा र राप्रपाको समर्थनमा बागमतीको मुख्यमन्त्री नियुक्त भएका थिए । थापाले विश्वासको मत पाएसँगै तत्कालका लागि सर कारमाथि देखिएको संवैधानिक संकट टरेको छ ।

मुख्यमन्त्री थापा मगरले मुख्यत: नेकपा, नेकपा एमाले र राप्रपाको समर्थनमा सरकार को नेतृत्व गरिरहेका छन् । विश्वासको मतका क्रममा भने सत्तारूढ दलका सबै सांसद उपस्थित भएनन् ।

मुख्यमन्त्री थापा मगरको विश्वासको मतसम्बन्धी प्रस्तावमा मतदान गर्ने सत्तारूढ सांसदको संख्या ५७ पुगेको हो । ती सबैले मुख्यमन्त्रीको पक्षमा मतदान गरे ।

यसरी मुख्यमन्त्री थापा मगरले नेकपाका २६, एमालेका २५ र राप्रपाका ६ गरी ५७ मत पाएका हुन् ।

विपक्षीको बहिस्कारले बदलियो मतदानको चित्र

प्रदेशसभाको विश्वासको मतसम्बन्धी प्रक्रियामा विपक्षी दलको उपस्थिति र मतदानलाई महत्वपूर्ण मानिन्छ । तर, बागमती प्रदेशमा मंगलबार भएको मतदानमा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससहितका दलहरु बैठकमै सहभागी नभएपछि मत विभाजनको परिणाम एकतर्फी देखिएको हो ।

कांग्रेसका ३६ सांसद बैठकमा उपस्थित नभएपछि मुख्यमन्त्रीको प्रस्तावको विपक्षमा मतदान गर्ने तूलो समूह नै प्रदेशसभा हलमा देखिएन । नेमकिपा र हाम्रो नेपाली पार्टीका सांसदहरुको अनुपस्थितिले पनि विपक्षी मतको सम्भावना थप कमजोर बनायो ।

यसका कारण मुख्यमन्त्रीको प्रस्तावमाथि भएको मत विभाजनमा विपक्षमा कुनै मत परेन । तटस्थ बस्ने सांसदको संख्या पनि शून्य रह्यो । उपस्थित सबै सांसदले पक्षमा मतदान गरेपछि मुख्यमन्त्रीले उपस्थित सांसदको शतप्रतिशत समर्थन प्राप्त गरेको देखिएको हो ।

यद्यपि, प्रदेशसभाको कुल सदस्य संख्यालाई आधार बनाएर हेर्दा भने मुख्यमन्त्रीले प्राप्त गरेको मत प्रदेशसभाको करिब आधाभन्दा केही बढी मात्र हो । कुल १०४ सदस्यीय प्रदेशसभामा ५७ सांसद मात्र मतदान प्रक्रियामा सहभागी भएकाले बाँकी सांसदको मत यस प्रक्रियामा समावेश भएन ।

संसदीय मर्यादामाथि बहस

मुख्यमन्त्रीले विश्वासको मत प्राप्त गरे पनि विपक्षी दलहरुको बैठक बहिस्कारका कारण मंगलबारको प्रदेशसभा बैठकले बागमती प्रदेशको संसदीय अभ्यासमाथि नयाँ बहस सिर्जना गरेको छ ।

संसदीय व्यवस्थामा सरकारको वैधानिकता परीक्षण गर्ने महत्वपूर्ण माध्यमका रुपमा विश्वासको मतलाई लिइन्छ । यस्तो प्रक्रियामा सत्तापक्ष र विपक्ष दुवैको सहभागिता तथा प्रस्तावको पक्ष र विपक्षमा मत विभाजन हुनु स्वाभाविक संसदीय अभ्यास मानिन्छ ।

तर, प्रमुख प्रतिपक्षी दलसहित विपक्षी दलहरु बैठकमै सहभागी नभएपछि मुख्यमन्त्रीको विश्वासको मत परीक्षण एकतर्फी बनेको छ ।

परिणामत: मुख्यमन्त्रीले उपस्थित सबै सांसदको समर्थन पाएका छन् । यही अवस्थालाई लिएर राजनीतिक वृत्तमा मुख्यमन्त्रीले 'विश्वासको मत पाए पनि संसदीय मर्यादाको पूर्ण परीक्षण भने हुन नसकेको' टिप्पणी हुन थालेको छ ।

विपक्षी दलहरुले बैठक बहिस्कार गर्नुका कारण र उनीहरुको राजनीतिक असहमति आगामी दिनमा थप स्पष्ट हुने देखिएको छ । तर, संसदमा सरकारको पक्षमा आवश्यक बहुमत कायम रहेको देखाउन मुख्यमन्त्री थापा मगर सफल भएका छन् ।

सरकारलाई तत्काल राहत

विश्वासको मत पाएसँगै मुख्यमन्त्री थापा मगर नेतृत्वको बागमती प्रदेश सरकारलाई तत्कालका लागि राजनीतिक राहत मिलेको छ । सरकार गठनपछि देखिएको अन्योलबीच मुख्यमन्त्रीले प्रदेशसभामा आफ्नो बहुमत प्रस्तुत गर्नुपर्ने संवैधानिक बाध्यता पूरा गरेका छन् ।

सरकार टिकाउन आवश्यक ५३ मतमध्ये उनले कम्तीमा आवश्यक संख्या सुनिश्चित गरेका छन् । विपक्षी दलहरु मतदानमा सहभागी नभए पनि सरकारको पक्षमा रहेका सांसदहरुको समर्थनले मुख्यमन्त्रीलाई सरकार सञ्चालनका लागि तत्काल बाटो खुलेको छ ।

तर, विश्वासको मत प्राप्त गरेपछि पनि सरकारसामु राजनीतिक चुनौती भने सकिएको छैन । सरकारमा सहभागी दलहरुबीचको समन्वय, मन्त्रालय बाँडफाँट, नीति तथा कार्यक्रम कार्यान्वयन र प्रदेशसभामा विपक्षी दलसँगको सम्बन्ध आगामी दिनमा सरकारको स्थायित्वका लागि महत्वपूर्ण हुने देखिन्छ ।

विशेषगरी सरकारको साझेदार राप्रपाका पाँच सांसद विश्वासको मतसम्बन्धी बैठकमा अनुपस्थित हुनु राजनीतिक रुपमा अर्थपूर्ण देखिएको छ ।

सरकारलाई समर्थन गर्ने दलका सबै सांसद मतदानमा सहभागी नहुनुले सत्ता गठबन्धनभित्र पनि केही असन्तुष्टि वा रणनीतिक मौनता रहेको संकेत गरेको राजनीतिक वृत्तमा चर्चा हुन थालेको छ ।

यसैबीच, प्रमुख प्रतिपक्षी नेपाली कांग्रेससहित अन्य विपक्षी दलहरुले बैठक बहिस्कार गरेकाले सरकारको आगामी संसदीय यात्रा पनि सहज हुने वा नहुने भन्ने प्रश्न कायमै छ ।

मुख्यमन्त्री थापा मगरले भने विश्वासको मतमार्फत तत्कालका लागि आफ्नो सरकारको बहुमत प्रमाणित गरेका छन् । तर, प्रदेशसभाका १०४ सदस्यमध्ये ५८ जनाको मात्र उपस्थितिमा उपसभामुख बाहेक सबै ५७ मत पक्षमा पर्नु र विपक्षी दलहरु मतदान प्रक्रियामै सहभागी नहुनुले यो विश्वासको मत राजनीतिक रुपमा कति व्यापक छ भन्ने बहस भने अब सुरू भएको छ ।

नागरिकमैत्री: सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रक्रिया र शुल्क स्पष्ट रूपमा उपलब्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिक्रियालाई सम्बोधन गरौं,
- सुशासन, इमानदारीता, जवाफदेहिता र उत्तरदायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं ।

सेवाग्राहीको सन्तुष्टि नै सार्वजनिक सेवाको सफलता हो ।

नेपाल सरकार

विज्ञापन बोर्ड